नेपाली राजदूतावास
मस्कट, ओमान
**Embassy of Nepal**
Muscat, Sultanate of Oman

سفارة النيبال
مسقط - سلطنة عمان

**Press Release on Labour Safety and Awareness event**

On the occasion of the Constitution Day of Nepal, the Embassy of Nepal in Muscat organized a Labour Safety and Awareness program at Nepal House Muscat on 18 September 2026. The event was organized to mark the Constitution Day, to educate and empower Nepali workers working in different sectors of Oman, to provide training on Labour permit renewal and Social security payment and to offer condolences to those who lost their lives due to the devastating flood of 26 August 2026. The program brought together representatives of Oman based Nepali organizations, Members of Expert group, volunteers and Nepali community.

The event commenced by playing the National Anthem of Nepal. A one-minute silence was observed to pray for the victims of flashflood in Bhotekoshi river. During his address, Mr. Bishesh Kumar Sah, Chargé d'Affaires, welcomed the guests and thanked them for their participation. Mr. Sah extended his greetings on the occasion of the Constitution Day of Nepal. He also highlighted the features of the Constitution of Nepal and mentioned how it has paved the way for inclusiveness and participation of all Nepalis. He informed the gathering about the Embassy's initiatives to promote Nepal-Oman bilateral relations and its upcoming programs. He further outlined the important aspects related to the Workers safety, Labour awareness and also spoke on the need of Financial Literacy. Mr. Sah appreciated the support of Nepali organizations and expressed the Embassy's commitment to supporting the Nepali community in Oman. He expressed his heartfelt condolences to those who lost their lives in the Bhotekoshi river flood on 26 August 2026.

Mr. Damodar Gnawali, Labour Attaché, explained the kinds of labour problems being faced by the Nepali workers and the steps being taken to find the solutions. He underscored the importance of awareness to educate every Nepali citizen to seek information before heading for foreign employment. He requested the Oman based Nepali Community members to assist in creating awareness and providing support to those who find themselves in trouble.

A highlight of the event was a presentation by Mr. Shyam Krishna Bhattarai, a member of the Expert Group, where he practically guided on the process to obtain Labour permit through DOFE website. He also demonstrated the procedures for making payments to the Social Security Fund. He even requested everyone to learn these processes and guide others who could not do it themselves.

A Lamp-lighting ceremony was held to pray for the departed souls and for the swift recovery of the injured during the severe flash flood in Nepal. All the participants lighted the lamp. A Nepali-style dinner was served to the guests after the event. The event was conducted by Mr. Damodar Gnawali, Labour Attaché.

**The Embassy of Nepal, Muscat**
**Sultanate of Oman**
**18 September 2026**

EMBASSY OF NEPAL
Muscat, Sultanate of Oman

नेपाली राजदूतावास
मस्कट, ओमान
**Embassy of Nepal**
Muscat, Sultanate of Oman

سـفارة النيبال
مسقط - سلطنة عمان

## प्रेस विज्ञप्तिः श्रमिक सुरक्षा तथा सचेतना कार्यक्रम

नेपालको संविधान दिवसको अवसरमा मिति २०८३ असोज ०२ गते नेपाली राजदूतावास, मस्कटले नेपाल घर मस्कटमा श्रमिक सुरक्षा तथा सचेतना सम्बन्धी कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्यो। उक्त कार्यक्रममार्फत ओमानमा कार्यरत नेपाली श्रमिकलाई सम्बन्धित विषयमा सचेतना जगाउने, श्रम स्वीकृति नवीकरण र सामाजिक सुरक्षा कोषमा योगदान सम्बन्धी प्रशिक्षण दिने र २०८३ भदौं १० गते आएको विनाशकारी बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली तथा समवेदना प्रकट गर्ने कार्यहरु गरिएको थियो। कार्यक्रममा ओमानस्थित नेपाली संघसंस्थाका प्रतिनिधिहरू, विज्ञ समूहका सदस्यहरू, स्वयंसेवकहरू तथा नेपाली समुदायका सदस्यहरूको सहभागिता रहेको थियो।

नेपालको राष्ट्रिय गान बजाएर कार्यक्रमको सुरुवात गरिएको थियो। भोटेकोशी बाढीमा ज्यान गुमाएका व्यक्तिहरूको स्मृतिमा एक मिनेट मौनधारण गरिएको थियो। कार्यवाहक राजदूत श्री बिशेष कुमार साहले उपस्थित अतिथिहरूलाई स्वागत गर्नुका साथै कार्यक्रममा सहभागिताका लागि धन्यवाद व्यक्त गर्नुभयो। उहाँले नेपालको संविधान दिवसको अवसरमा शुभकामना व्यक्त गर्नुभयो। कार्यवाहक राजदूतले नेपालको संविधानका प्रमुख विशेषताहरू उल्लेख गर्दै संविधानले सुनिश्चित गरेका अधिकारहरुबारे बताउनुभयो। उहाँले नेपाल-ओमान द्विपक्षीय सम्बन्ध प्रवर्द्धन गर्न भइरहेका पहल तथा नियोका आगामी कार्यक्रमहरूबारे जानकारी गराउनुभयो। साथै, उहाँले श्रमिक सुरक्षा, श्रम सचेतना तथा वित्तीय साक्षरताका महत्वपूर्ण पक्षहरूबारे अभिव्यक्ति दिनुभयो। कार्यवाहक राजदूतले ओमानस्थित नेपाली संघसंस्थाहरूले पुऱ्याउँदै आएको सहयोगको प्रशंसा गर्दै ओमानमा रहेका नेपाली समुदायलाई सहयोग गर्न राजदूतावास सदैव प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले २०८३ भदौं १० मा भोटेकोशी नदीमा आएको बाढीमा परी ज्यान गुमाएका व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्नुभयो।

श्रम सहचारी श्री दामोदर ज्ञवालीले नेपाली श्रमिकहरूले भोगिरहेका विभिन्न समस्याहरू तथा ती समस्याको समाधानका लागि राजदूतावासले गरिरहेका प्रयासबारे जानकारी गराउनुभयो। उहाँले वैदेशिक रोजगारीमा जानुअघि आवश्यक जानकारी प्राप्त गर्नुका साथै आफै सचेत हुनुपर्ने कुरामा जोड दिनुभयो। साथै, उहाँले ओमानस्थित नेपाली समुदायका सदस्यहरूलाई श्रमिकसम्बन्धी सचेतना अभिवृद्धि गर्न तथा समस्यामा परेका नेपालीहरूलाई आवश्यक सहयोग गर्न आग्रह गर्नुभयो।

विज्ञ समूहका सदस्य श्री श्यामकृष्ण भट्टराईले श्रम स्वीकृति प्राप्त गर्ने प्रक्रियाबारे अनलाइन पोर्टल देखाएर प्रस्तुतीकरण गर्नुभयो। उहाँले वैदेशिक रोजगार विभाग (DOFE) को वेबसाइटमार्फत श्रम स्वीकृति प्राप्त गर्ने प्रक्रियाबारे विस्तृत जानकारी दिनुभयो। साथै, उहाँले सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्रक्रिया समेत वेबसाइटमा नै देखाउनुभयो। उहाँले उक्त प्रक्रियाबारे जानकारी हासिल गरी अन्य नेपाली श्रमिकहरुलाई आवश्यक सहयोग गर्न सबैलाई आग्रह गर्नुभयो।

नेपालमा आएको भीषण बाढीका कारण ज्यान गुमाएका दिवंगत आत्माहरूको चिरशान्तिको प्रार्थना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामनासहित दीप प्रज्वलन कार्यक्रम पनि आयोजना गरिएको थियो। अतिथिहरूका लागि नेपाली परिकारसहितको रात्रिभोजको व्यवस्था गरिएको थियो। कार्यक्रमको सञ्चालन श्रम सहचारी श्री दामोदर ज्ञवालीले गर्नुभएको थियो।

नेपाली राजदूतावास, मस्कट, ओमान
२०८३ असोज ०२ (१८ सेप्टेम्बर २०२६)

EMBASSY OF NEPAL
Muscat Sultanate of Oman